REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 10.06.2025

## राज्य सरकारको दोस्रो कार्यकालको पहिलो वर्ष पुरा

आज सिक्किम क्रान्तिकारी मोर्चा अथवा एसकेएम सरकारको दोस्रो कार्यकालको पहिलो वर्ष पूरा पुरा भयो। यस अवसरमा राज्यपाल ओम प्रकाश माथुर र मुख्यमन्त्री प्रेमसिंह तामाङले जनताको विश्वास र सरकारको प्रतिबद्धतालाई उल्लेख गर्दै बधाई तथा शुभकामना व्यक्त गर्नुभएको छ। राज्यपाल श्री माथुरले मुख्यमन्त्री प्रेम सिंह तामाङको नेतृत्वमा वर्तमान सरकारले राज्यको समावेशी विकास, सांस्कृतिक समृद्धि र नागरिक कल्याणका क्षेत्रमा उल्लेखनीय प्रगति गरेको बताउनु भएको छ। उहाँले 'सुनौलो, समृद्ध अनि समर्थ सिक्किम' को निर्माणका लागि सरकारद्वारा उठाइएका कदमहरूलाई दूरदर्शिता र समर्पित नेतृत्वको परिचाय मान्नु भएको छ। यस अवसरमा उहाँले सिक्किमले यस वर्ष राज्य स्थापनाको 50 औं वर्षमा प्रवेश गरेको ऐतिहासिक उपलब्धिलाई पनि स्मरण गर्दै यसलाई राज्यको सांस्कृतिक सम्पदा, एकता र जनप्रतिबद्धताको प्रतीकका रूपमा व्याख्या गर्नुभएको छ। यसका साथै, उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीको निरन्तर सहयोग र मार्गदर्शनप्रति आभार व्यक्त गर्नुभएको छ।

मुख्यमन्त्री प्रेमसिंह तामाङले पनि दोस्रो कार्यकालको पहिलो वर्ष पूर्ण भएको अवसरमा सिक्किमवासीप्रति शुभकामना र कृतज्ञता प्रकट गर्नुभएको छ। उहाँले यो एक वर्ष, जनताको विश्वास, साझा नेतृत्व र लोकतन्त्र-प्रतिको दृढ आस्थाको प्रतीक भएको बताउनु भएको छ। मुख्यमन्त्रीका अनुसार यो सरकार गठनको अवसर मात्र होइन, विकासप्रतिको सामूहिक आकांक्षा र लोकतान्त्रिक मूल्यहरूको विजयको प्रतीक पनि हो। उहाँले एक वर्षको यात्रामा सरकारद्वारा हासिल गरिएका उपलब्धिहरूलाई स्मरण गर्दै अझ सशक्त, हरियाली र समावेशी सिक्किम निर्माणतर्फ सरकार दृढ रहेको बताउनु भएको छ। मुख्यमन्त्रीले पनि केन्द्र सरकार तथा प्रधानमन्त्री नरेन्द्र मोदीको मार्गदर्शनप्रति आभार व्यक्त गर्दै सिक्किम राज्यलाई नयाँ उचाइमा पुऱ्याउने प्रतिबद्धता दोहोऱ्याउनु भएको छ।

## "विक्सित सिक्किम से विक्सित भारत @2047" विषयक दुईदिने कार्यशाला सम्पन्न

केन्द्रमा एनडीए सरकार र राज्यमा एसकेएम सरकार गठनको अवसरमा आयोजित "विक्सित सिक्किम से विक्सित भारत 2047" विषयको दुईदिने कार्यशाला आज सम्पन्न भएको छ। यो कार्यक्रम केन्द्र सरकारले 11 वर्ष पूरा गरेको र सिक्किममा एसकेएम सरकारले 6 वर्ष पूरा गरेको अवसरमा आयोजित गरिएको हो। समापन सत्रको मुख्य अतिथिका रूपमा मुख्यमन्त्री प्रेम सिंह तामाङ सहभागी हुनु भयो।

## केन्द्रीय राज्यमन्त्री पवित्र मागरिता

केन्द्रमा राष्ट्रिय जनतान्त्रिक गठबन्धन एनडीए सरकारको 11 वर्षको  सफलताका अवसरमा केन्द्रीय राज्यमन्त्री पवित्र मागरिता सिक्किमको भ्रमणमा  हुनुहुन्छ। भ्रमणका क्रममा उहाँले आज पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै सिक्किममा केन्द्र सरकारद्वारा सञ्चालन गरिएका विभिन्न योजनाहरूको जानकारी दिनुभयो। मन्त्री मगरिताले, सिक्किमले छिट्टै पहिलोपटक रेल सेवा प्राप्त गर्न लागेको जानकारी गराउनुभयो। उहाँले पाकिम ग्रीनफिल्ड विमानस्थलबाट व्यावसायिक विमान सेवा सञ्चालनमा देखिएको प्राविधिक समस्या समाधान गर्न सरकार गम्भीर छलफलमा जुटिरहेको पनि बताउनुभयो।

## चुंगथाङका  एसडीएम अरुण क्षेत्री

चुंगथाङका  एसडीएम अरुण क्षेत्रीको नेतृत्वमा एक टोलीले आज लाचेनको जेमा क्षेत्रमा पहिरो प्रभावित क्षेत्रको निरीक्षण गरेको छ। टोलीले, लाचेनका जनताको सहयोगमा निर्माण गरिएको झोलुङ्गे पुलको  पनि भ्रमण गऱ्यो। सीमा सडक संगठन GREF-का  क्याप्टेन हिमान्शु खर्कवालका अनुसार GREF-ले  आजैदेखि सडक सफा गर्ने र पुनःस्थापना गर्ने कार्य सुरु गरेको बताउनु भयो। आगामी दुई महिनाभित्र जेमा पुल सञ्चालनमा ल्याइने, उहाँले जानकारी दिनुभएको छ।

## तदपबद६दर"मोदी सरकारको 11 वर्ष" विषयमा पाकिममा वार्तालाप कार्यक्रम सम्पन्न

गान्तोकस्थित पत्र सूचना कार्यालय (PIB) ले पाकिम जिल्लामा "मोदी सरकारको 11 वर्ष" विषयमा वार्तालाप कार्यक्रम आयोजना गरेको छ। कार्यक्रममा पाकिम जिल्लाकी जिल्ला अध्यक्ष लाडेन ल्हामु भोटिया प्रमुख अतिथिका रूपमा सहभागी हुनुहुन्थ्यो। उहाँले सञ्चारमाध्यम र सरकारबीचको समन्वयलाई मजबुत बनाउने यस्ता कार्यक्रमहरू अत्यन्त महत्वपूर्ण रहेको बताउँदै, केन्द्र सरकारद्वारा सञ्चालनमा रहेका विभिन्न योजनाहरूले सिक्किमका ग्रामीण जनजीवनमा सकारात्मक प्रभाव पारेको उल्लेख गर्नुभयो। वार्तालाप कार्यक्रममा पत्र सूचना कार्यालय र आकाशवाणी गान्तोकका अधिकारीहरू सहित सञ्चारकर्मीहरूको सक्रिय सहभागिता रहेको थियो।

## मौसम विज्ञान विभाग द्वारा जारी

मौसम विज्ञान विभाग द्वारा जारी गरिएको रिपोर्ट अनुसार आज गान्तोक तथा  वरपरको अधीकतम तापमान 27° सेल्सियस रिकर्ड गरियो भने न्युनतम तापमान 19.2° सेल्सियस रिकर्ड गरिएको छ।